गैडहवा गाउँपालिका
Gaidahawa Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
गैडहवा-३ , विष्णुपुरा / Gaidahawa-3, Bishnupura
प्रदेश नं.५,नेपाल
Province No.5, Nepal

# गैडहवा गाउँपालिकाको सूचना

मिति २०७६/१२/२९

गैडहवा गाउपालिका गाउकार्यपालिका तथा गाउँ विपत व्वस्थापन समितिको विभिन्न मितिमा बसेको बैठकले कोभिड-१९ (कोरोना भाइरस) नियन्त्रण र रोकथामका तथा लकडाउनका कारणले मजदुर र अति विपन्न तथा गरिव परिवारलाई राहत वितरण गर्ने सम्बन्धमा गरेका निर्णयहरु तथा यस गाउँपालिकाबाट भए गरेका काम कारवाहीहरु तपसिल बोमोजिम रहेकोले सोही बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन सम्बन्धित सबैलाई जानकारीका लागि अनुरोध छ ।

<u>तपसिल</u>

१ गैडहवा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था बाहेक सम्पूर्ण कार्यालयका कर्मचारीहरु आवश्यक परेको खण्डमा जुनसुकै समय खटिने गरी कार्यालयहरुबाट प्रदान गरिने अत्यावश्क सेवा बाहेक अन्य सेवाहरु बन्द गरिएको ।

२ गैडहवा गाउँपालिकामा बाहिरबाट आउने व्यक्तिहरुलाई निगरानी गर्ने, सो को लागि स्यमंसेविका र टोल विकास संस्थाका प्रतिनिधिलाई खटाउने, बाहिरबाट आउने व्यक्तिहरुको लगत लिने र त्यस्ता व्यक्तिहरु बाहिरबाट आएमा गाउँपालिकालाई जानकारी गराउने ।

३ कोभिड-१९ (कोरोना भाइरस) नियन्त्रण र रोकथामका लागि यस गाउँपालिकाको वडा नं.४ मा रहेको नवदुर्गा मा.वि. ठकुरापुरमा सुविधा सहितको २५ वेडको क्वारेन्टाइन निर्माण गरिएको तथा आवश्यक परेमा गैडहवा गाउँपालिका वडा नं.६ मा रहेको सुर्यपुरा मा.वि.मा अर्को क्वारेन्टाइन निर्माण गरिने गरी निर्णय भएको साथै बाहिरबाट आएका र कोरोना शंकास्मक व्यक्तिलाई क्वारेन्टाइनमा ल्याउने व्यवस्था गरिएको र यसमा सबै गाउँबासीले सूचना दिइ सहयोग गरिदिनुहुन अनुरोध गरिएको छ ।

४ गैडहवा गाउँपालिका भित्र रहेका खाद्यन्न, दुध, तरकारी, औषधी तथा भेटनरीका पसलहरु बिहान ७ देखि ९ बजे सम्म र बेलुका ३ बजे देखि ६ बजे सम्म सामाजिक दुरी **(Social Distance)** कायम गरेर मात्र बेचबिखन गर्न पाउने र त्यस्ता पसललाई आवश्यक पर्ने सामान ल्याउने व्यवस्था समेत गरिएको र अन्य सवारी साधनलाई कडाईका साथ बन्द गरिएकोले यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध छ ।

५ लकडाउनले गर्दा मजदुर तथा अति विपन्न र गरिव परिवारलाई खानाको समस्या परेकोले प्रत्येक वडामा वडा स्तरीय विपत व्यवस्थापन समितिले त्यस्ता व्यक्ति र परिवारको पहिचान गरी सो समितिले राहत वितरणको लागि सिफारिस सहित गाउँपालिकामा पठाउने र सो कार्य भैरहेको ।

६ **राहत सामाग्री प्राप्त गर्ने लक्षित वर्गको पहिचानका लागि देहायको शर्तहरु पुरा भएकोलाई मात्रै सिफारिस गरी पठाउने निर्णय भएको ।**

अति विपन्न र गरिव परिवारलाई राहत बाड्ने सूचिमा तपसील बमोजिमका व्यक्ति र घरपरिवारलाई बाहेक अन्य व्यक्तिहरुलाई सिफारिस नगर्नु नगराउनुहुन अनुरोध गर्दै गरिव परिवारको राहतलाई सम्मानपूर्वक वितरणमा सहजीकरण गरिदिनुहुन सबै राजनैतिक दल, वुद्धिजिवि तथा सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।राहत

पाउने व्यक्तिले राहत नपाएको र राहत नपाउने व्यक्तिले राहत पाएको देखिएमा यस कार्यालयलाई खबर गरिदिनुहुन समेत अनुरोध छ ।

- *अति विपन्न गरिब परिवार, श्रमिक, भरिया, मजदुर, सरसफाईकर्मी, दैनिक ज्यालादारी, हेल्फर फुटपाथमा ठेला लगाई जिविकोपार्जन गर्ने पसले, पसलमा काम गर्ने मजदूर, रिक्सा चलाई जिविकोपार्जन गर्ने घरपरिवार,*
- *१२ महिना नै उपरोक्त बमोजिमको काम गर्ने परिवार र ३ कठ्ठा भन्दा बढी जग्गा नभएको,*
- *कुनै किसिमको आय श्रोत नभएको, जग्गा नभएको र १२ महिना मजदुरी गरी खाने घरपरिवार,*
- *सामाजिक सुरक्षा वापत भत्ता पाउने तर जग्गा तथा अन्य आयश्रोत नभएको,*
- *जग्गा नभएको तर कुनै पनि किसिमको जागिर वा नोकरी भएको वा अन्य कुनै किसिमको रोजगार प्राप्त वा आयश्रोत भएकोलाई राहत सूचिमा समावेश नगर्ने,*
- *लक डाउनका कारण गाउपालिका क्षेत्र भित्र फसेका स्वदेशी तथा बिदेशी नागरिक ।*

७ राहत वितरण गर्नको लागि प्रति ६ जना सम्म सदस्य सहितको घरपरिवारको लागि १५ के.जी. र ७ जना भन्दा माथि सदस्य सहितको घरपरिवारको लागि २० के.जी. चामल र प्रति परिवार १ के.जी. दाल, १ के.जी. नुन र आधा लिटर (१ पोका) खाने तेल वितरण गर्ने गरी हाल यस गैडहवा गाउँपालिकाले ढुवानी र प्याकिङ्ग सहित प्रति के.जी. रु. ४६ का दरले ५०० क्वीन्टल चामल, प्रति के.जी. रु. १०६ का दरले ४००० के.जी. दाल, प्रति के.जी. रु. २० का दरले ४००० के.जी. नुन र प्रति लिटर रु. १४६।१० का दरले आधा लिटरको ३५०० पोका खाने तेल खरिद गरिएको छ साथै सो राहत सामाग्री क्रमश वितरण समेत भैरहेको छ ।

८ गैडहवा गा.पा अन्तर्गत कोरोना संक्रमण नियन्त्रणमा खटिएका स्वास्थ्यकर्मीलाई तपशिल बमोजिमको जोखिम भत्ता दिने र सोको लगत समेत लिने ।

क. क्वारेन्टाईनमा खटिने कर्मचारी एवम एम्बुलेन्स चालकलाई-७५ प्रतिशत

ख. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई-५० प्रतिशत

ग. क्वारेन्टाईनमा खटिने कर्मचारीलाई मासिक ७ लिटर ईन्धन र ५००/-संचार खर्च

९ गैडहवा गा.पा अन्तर्गत कोरोना भाईरस नियन्त्रणको लागि कोरोना भाईरस संक्रमण वर्गलाई रेस्क्यू गरि क्वारेन्टाईनमा ल्याउनका लागि तपसिलको रेस्क्यु टीम गठन गर्ने र सो रेस्क्युटिमले कोरोना संक्रमित र शंकास्पद तथा बिदेशबाट आएका ब्यक्तिलाई एक्बुलेन्स मार्फत क्वारेन्टाईनमा ल्याउने ।

| | |
|---|---|
| बछ्रु केवट | -संयोजक |
| सम्बन्धित वडाका वडा अध्यक्ष वा वडा प्रतिनिधि | - सदस्य |
| ईलाका प्रहरी कार्यालय, सूर्यपुरा | - सदस्य |
| शसस्त्र प्रहरी बेस क्याम्प | - सदस्य |
| स्वास्थ्यकर्मी/स्वास्थ्य संयोजक | - सदस्य |

गैडहवा गाउँपालिका
Gaidahawa Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
गैडहवा-३ , विष्णुपुरा / Gaidahawa-3, Bishnupura
प्रदेश नं.५,नेपाल
Province No.5, Nepal

१० कोरोना भाईरसको कारणले गर्दा लकडाउन भैरहेको अवस्थामा खाद्यन्नको सहज आपूर्ति र उपभोक्ताहरुलाई बेचबिखन गर्न तथा व्यावसाय सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क. यस गैडहवा गाउँपालिकामा खाद्यन्नको सहज आपूर्ति गर्नको लागि गैडहवा गाउँपालिकामा एउटै दररेट निर्धारण गरी लागु गर्नको लागि व्यापारीहरुलाई बोलाई बैठक बस्ने र

ख. कुनै पनि खाद्यन्न तथा अत्यावश्यक सामाग्रीहरु एउटै दरभाउमा नबेच्ने, कालोबजारी गर्ने, अनुचित मूल्य वृद्धि गर्ने, मिसावट गर्ने र गुणस्तरहिन मालसामान बिक्रिवितरण गर्ने व्यवसायी वा जोकोही लाई निजको व्यवसाय दर्ता खारेज गर्ने र पान नं. समेत दर्ता खारेजको लागि आन्तरिक राजस्वमा सिफारिस गर्ने ।

११ यस गैडहवा गा.पा.मा सञ्चालित एम्बुलेन्सहरुलाई त्यसको चालक र स्वास्थ्यकर्मीलाई कोरोनाको संक्रमणबाट् बच्न र बचाउन एम्बुलेन्सको ड्राइभर क्याविन र बिरामी कम्पार्टमेन्टलाई आइसोलेट गरी पार्टिसन गर्न र गराउन लगाउने ।

१२ यस गैडहवा गाउँपालिकामा राहत वितरणमा एकद्वार प्रणाली अपनाई अन्य संघसंस्था तथा व्यक्तिहरुलाई आफु खुशी राहत बाड्ने कार्यलाई रोकी गाउँ तथा वडा स्तरीय विपत व्यवस्थापन समिति मार्फत सहयोग गर्न अनुरोध तथा समन्वय गर्ने ।

१३ यस गैडहवा गाउँपालिकाको कोरोना भाइरस नियन्त्रण र व्यवस्थापन तथा लकडाउनका कारणले खाद्यन्न लगायतका राहत सामाग्री वितरण गर्नको लागि समपुरक कोषमा छुट्याईएको रकमबाट हाललाई रु.५०,००,०००।- (पचास लाख मात्र) विपत व्यवस्थापन कोषमा जम्मा (रकमान्तर) गरी खर्च गर्ने ।

१४ राहत वितरणको क्रममा लिइने फोटो तथा भिडियोलाई संस्थागत अभिलेखको रुपमा मात्र प्रयोग गर्ने र यस्ता फोटो तथा भिडियोलाई सामाजिक सञ्जाल र सञ्चार माध्यममा प्रयोग नगरी राहत लिने वर्गको आत्मसम्मानमा चोट नपुगोस भन्नेमा ध्यान दिने ।

१५ यस गैडहवा गाउँपालिकामा संचालित विभिन्न योजना तथा कार्यक्रमहरु सम्पन्न भएकोलाई भुक्तानी दिने र २०७६/१२/२० गते भन्दा अगाडी भएका सम्झौता तथा टेण्डरहरुलाई प्राथमिकता दिई रकम एकिन गर्ने र अन्य सुरु नभएका बाँकी योजना अर्को निर्णय नभए सम्मका लागि सञ्चालन नगर्ने ।

**१६ यस गैडहवा गाउँपालिकामा कोरोना भाइरसको कारणले लकडाउन भई मजदुर, गरिव तथा विपन्न परिवारलाई आवश्यक राहत वितरण गर्नको लागि गाउँपालिका स्तरीय राहत कोष स्थापना गरी सबैलाई सहयोगको लागि अनुरोध गर्ने र सो राहत कोषको खाता वाणिज्य बैंक शाखा कार्यालय सुर्यपुरामा खोल्ने ।**

राजवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

वकुल चौधरी
अध्यक्ष